**मिति २०७९श्रावण २० गते शुक्रबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको चौधौं बैठकका निर्णयहरु**

छलफल: मनसुनजन्य विपद् र त्यसको पछिल्ला दिनका असरहरुका बारेमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र मन्त्रालयको महाशाखाका साथै कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यूहरुसमेतबाट विषय क्षेत्रगत रुपमा बैठकमा जानकारी गराईयो । सुरक्षा निकायका प्रमुखहरुले प्रतिकार्य तथा समन्वयमा भएका गतिविधि, सडक विभाग, जलश्रोत तथा सिंचाई विभागका महानिर्देशकहरुबाट सडक, कटानको क्षति विवरण नेपाल रेडक्रस सोसाईटी लगायतले मौज्दात सामग्रीका सम्बन्धमा विवरण प्रस्तुत गर्नु भयो । सप्तकोशीले आफ्नो बहाबको धार परिवर्तन गर्दा उदयपुर जिल्लाको वेलका नगरपालिका र सुनसरी जिल्लाको बराह क्षेत्र नगरपालिकामा पारेको असर, त्यहाँ भईरहेका प्रतिकार्यका कार्यहरुका सम्बन्धमा गहन छलफल भयो ।

निर्णय नं. १:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ दफा २२ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को १० मा व्यवस्था भएबमोजिम स्थापना भएको विपद् व्यवस्थापन कोषसञ्चालनका लागि तर्जुमा गरिएको "विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७९ स्वीकृत" गर्ने।

निर्णय नं. २:- मनसुनको अवधि झण्डै आधा-आधी बाँकी रहेको तथा यस वर्ष औषतभन्दा बढी पानी पर्ने प्रक्षेपण भएको सन्दर्भमा विपद् प्रभावित क्षेत्रहरुमा सबै सरोकारवाला निकायहरु आवश्यकता अनुसार आ-आफ्नो क्षेत्रमा एकीकृत र समन्वयतात्मक रुपमा प्रभावकारी ढङ्गले परिचालित भई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक क्रियाशिलताका साथ विपद् प्रतिकार्य गर्न निर्देशन दिने।

निर्णय नं. ३:- मिति २०७९ श्रावण ७ गते माननीय गृहमन्त्रीज्यूबाट सशस्त्र प्रहरी बल, नेपाललाई हस्तान्तरण गरिएका ८/८ वटा सामूहिक विपद् उद्धार एम्बुलेन्स र ए रोड एम्बुलेन्सको प्रभावकारी संचालन, नियमित मर्मत सम्भार र आवश्यक जनशक्ति समेतको व्यवस्थापन गर्न सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा कार्यदल गठन गरी कार्यविधि तर्जुमा गर्ने।

गृह मन्त्री

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति